# नेपालमा सुशासनको पहल (जीआईएन)

टीआई नेपालको जीआईएन परियोजनाले जवाफदेहिता, सूचना, सदाचार र नेतृत्वलाई प्राथमिकता दिँदै सञ्चारक्षेत्र, निजीक्षेत्र र नागरिक संस्था र व्यावसायिक संस्थाहरूसँगको साझेदारीको सञ्जाल बढाउनेछ । यसले एकल महिला, एलजीबीटीक्यू+, आप्रवासी, र भ्रष्टाचारबाट प्रभावित पीडितहरूको समस्याबारे वकालत गर्नेछ । यसले भ्रष्टाचार विरोधी कानुन र नीतिको अध्ययन गरी तिनको सुदृढीकरणको लागि सिफारिस गर्नेछ । जीआईएनले भ्रष्टाचारका चुनौति, जोखिम र त्यसले पारेको प्रभावको वारेमा आम नागरिक र नीति–निर्मातालाई जानकारी दिने उद्देश्य राखेको छ । यसले सेवाप्रवाहमा दिगो सुधारका लागि सरकारलाई सहयोग गर्न सामाजिक जवाफदेहिताका औजारहरूमार्फत सहजता पुर्याउनेछ । यस परियाजनाले मतदाता, राजनीतिक दल र संसद्को संलग्नतामा राजनीतिक सदाचार अभिवृद्धि कायम गर्न ध्यान केन्द्रित गर्नेछ । जीआईएनले टीआई नेपालका कार्यहरूको दिगोपनमा सहयोग गर्ने गतिविधिहरू गर्नेछ ।

परियोजनाका कार्य:

- समुदायहरूबीच पहुँच र चेतना बढाउने ।
- साझेदारी निर्माणमा योगदान गर्ने ।
- भ्रष्टाचारको लैङ्गिक प्रभावहरू नक्साङ्कन गर्ने ।
- नीति र कानुनी ढाँचाहरूको विश्लेषण गरी सुझावहरू प्रदान गर्ने ।
- भ्रष्टाचारबारे अनुसन्धानमार्फत सूचना र प्रमाण उपलब्ध गराउने ।
- सामाजिक जवाफदेहिता औजारहरूको, विकास र सहजीकरण गर्ने ।
- नागरिकको गुनासो ब्यवस्थापन गर्ने ।
- दिगोपनाका लागि कार्ययोजना बनाउने ।

परियोजना अवधि: अगष्ट २०२४ देखि फेब्रुअरी २०२९ सम्म

परियोजना बजेट: ने.रु. ४४,९८७,३८४ (यूरो ३०९,५१३)

दाता:  ट्रान्सपरेन्सी इन्टरनेशनल

परियोजना स्वीकृति: काठमाडौं महानगरपालिका, समाज कल्याण परिषद्

सम्पर्क व्यक्ति:  विनोद भट्टराई, संयोजक